# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९] काठमाडौं, भदौ ७ गते २०३६ साल [अतिरिक्ताङ्क २९

### राष्ट्रिय चुनाव आयोगको

### सूचना

मतदाता नाम संग्रह नियमावली, २०३६ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय चुनाव आयोगले निम्नलिखित निर्देशन दिएको छः–

१) मतदाता नाम संग्रह नियमावली, २०३६ को नियम १०, ११ र १२ बमोजिम अधिकृतसमक्ष दावी वा विरोध गर्ने व्यक्तिबाट निजको विरोधको एक प्रति नक्कल र सोसाथ पेश गरिएका कागज प्रमाणको दुई प्रति नक्कल तथा दावी भए सो दावीको र कागजी प्रमाणको १।१ प्रति नक्कल पेश गराउनुपर्छ ।

२) विरोध परेकोमा पेश हुन आएको उजूरीको र प्रमाणको एक एक प्रति नक्कल जसको उपर उजूर परेको छ, निजसमक्ष नियमबमोजिम अधिकृतले पठाउनुपर्छ ।

आज्ञाले–
कृष्णप्रसाद घिमिरे
सदस्य-सचिव
राष्ट्रिय चुनाव आयोग

308

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

390

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।